प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रमको पुनः नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) लाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०९।१९)

यस परिषद्का आंगिक र TECS सामुदायिक बिद्यालयहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखाबाट निःशुल्क संचालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा केही शिक्षण संस्थाहरुमा सिट रिक्त भई तालीम विकास महाशाखाको अनुरोध अनुसार मिति २०७८।०९।०३ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भर्ना प्रकृयाको आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम पूनः आवेदन फाराम भरेका परीक्षार्थीहरुले SEE/SLC परीक्षाको लव्धांक पत्र र सम्वन्धित शिक्षण संस्थाहरुमा मिति २०७८।०९।१३ गते देखि संचालन भएको अन्तरवार्ता समेतको अंकको योगफलबाट योग्यताक्रमानुसार सिफारिश बमोजिम मिति २०७८।०९।१८ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण www.ctevtexam.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परीक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन(मिति २०७८।०९।२५ गते) भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना हुन आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, भर्ना अनुमति पत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी www.ctevtexam.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । उल्लेखित म्यादभित्र परिक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा उक्त कोटामा वैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सम्वन्धित शिक्षण संस्थाले प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७७ (पहिलो संशोधन) अनुसार गराउनु हुन अनुरोध छ ।

यदि तोकिएको समयावधी भित्र मुख्य परीक्षार्थी (Main Candidate) भर्ना हुन नगएको कारणले वा सम्वन्धित कार्यक्रममा सिट भन्दा कम परीक्षार्थी सिफारिस भई सिट रिक्त रहेमा सम्वन्धित शिक्षण संस्थाले ७ दिनको म्याद दिई गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी सम्वन्धित कार्यक्रमको बैकल्पिक/उत्तीर्ण सूचीबाट पहिलो प्राथमिकता दिने, त्यस्तो उम्मेदवार नभएमा Apprenticeship कार्यक्रमको भर्ना सिफारिशमा सहभागी भई उत्तीर्ण अन्य कार्यक्रमका इच्छुक परीक्षार्थीहरु मध्येबाट निवेदन माग गरी दर्ता भएका मध्येबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ । भर्ना सिफारिश भएका परीक्षार्थीहरुको अंक बराबर भएमा एसईई/एस.एल.सी को ग्रेड सिट अनुसार छनौट गर्ने र सो पनि बराबर भएमा क्रमशः गणित, बिज्ञान र अंग्रेजीको नतिजालाई आधारमानी छनौट गर्नुपर्नेछ । रिक्त सिटहरुमा सार्वजनिक सूचना प्रकाशित नगरी नियम बिपरित परीक्षार्थीहरु भर्ना भएको पाईएमा त्यस्ता परीक्षार्थीहरुको भर्ना रद्ध गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नोट : यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**